# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

सुचना, विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

वर्ष-२ | अंक-३३ | २०७४ फागुन १६ गते बुधबार | 28 February 2018 Wednesday | मूल्य रू. १०/-

## संस्थानको चामलमा दलालको रजाईं

**मिसन न्यूज**

**कालिकोट**–पचालझरना – २ सिकुका जौन विक चामल लिन जारकोट पुगे । उनले ३० किलोको एक प्याक चामल किनेर घर फर्किने सुरमा थिए । उनले किनेको बंगालादेशी उसिना मोटो चामल हो । विकले किनेको चामलको प्याकलाई ९०० रुपैयाँ पर्छ । चामल प्याक गर्ने खाली बोराको मुल्य २० गरी ९२० रुपैयाँ हिसावमा आउँछ । तर, जौन विकले ८० रुपैयाँ बढी मुल्य हालेर एक प्याक चामल १ हजार रुपैयाँले किन्न बाध्य भए । व्यापारीले आँफुबाट १ हजार रुपैयाँ दिदा ३० किलोको एक प्याक चामल र दुई प्याकेट चाउँचाउ चामल विक्रेताले दिएको विकले सुनाए । ठेकेदार ले चामल विक्री गर्न राखेकाएक व्यापारीले हेर्दाहेर्दै विकलाई यसरी ठगेका हुन् । स्थानीय व्यापारी बसन्त शाहीले जारकोट बजारमा चामल विक्री गर्दै आएका छन् । उनलाई विशाल निर्माण सेवा र सिदार्थ ढुवानी सेवाले विक्री वितरणको जिम्मा दिएका हुन् । संस्थानले दुई वटा फर्म चामल ढुवानीका लागि स्वीकृत गरेको थियो । विशाल निर्माण सेवाले जिल्लाको सदरमुकाम मान्मदेखि पलाँता गाउँपालिकाको थिर्पु डिपोसम्मको चामल ढुवानी जिम्मा पाएको छ । त्यस्तै सिदार्थ ढुवानी सेवा सुर्खेतले सुर्खेतदेखि थिर्पु डिपोसम्म संस्थानको चामल ढुवानी जिम्मा लिएको छ । विशाल निर्माण



चामलको मुल्य बढी लिएको गनासो गर्दै स्थानीय ।

सेवाद्धारा ६९९ कुइन्टल ८० किलोग्राम पहिलो किस्तामा ढुवानी गरेका छन् । सिदार्थ ढुवानी सेवाका कमल गुरुङले ७९९ कुइन्टल ८० किलो चामल ढुवानी गरेर विक्री गरिसकेका छन् । दुई वटै फर्मको गरेर १४ सय ९९ कुइन्टल ६ किलो ढुवानी भएको छ । एक प्याक चामलको ३० किलोको दरले ४ हजार ९ सय ९९ बोरा हिसावमा जोड्दा आउँछ । विशाल निर्माण सेवा २ हजार ३ सय ३३ प्याक चामल हुन आउँछ भने, यसै गरी सिदार्थ ढुवानी सेवाको २ हजार ६ सय ६६ प्याक चामल हुन आउँछ । प्रति प्याक चामल बरावर ८० रुपैयाँको दरले बढी मुल्य उठाउँदा विशाल निर्माणको १ लाख ८६ हजार ६ सय ४० हुन्छ । त्यस्तै सिदार्थ ढुवानी सेवाले २ लाख १३ हजार २ सय ८० रुपैयाँ धेरै लिएको हुन आउँछ । दुई वटै फर्मको जोड्दा ३ लाख ९९ हजार ९ सय २० रुपैयाँ मुल्य भन्दा धेरै रुपैयाँ उठाएका छन् । बंगालादेशी उसिना मोटो चामलमा संस्थानले तोकेको मुल्यभन्दा बढी रुपैयाँ असुलेका छन् । बंगालादेशी चामल एक किलोको ३० का दरले ३०

**बाँकी ५ पृष्ठमा.**

## कर्णालीमा विकासको छटपटी

**मिसन न्यूज**

**कालिकोट** – कर्णालीका विकट गाउँहरू सडकसँग जोडिँदै गर्दा शताब्दियौंदेखिको कष्टबाट मुक्त हुने छटपटी बढेको छ । शर्मा 'ऊ त्यही हो, बुद्धिसागर हिंडेको बाटो ।' सुर्खेत कटेपछि कर्णाली नदीको बायाँ किनारतर्फको गोरेटो देखाउँदै हामी सवार गाडीका चालकले भने । साहित्यकार बुद्धिसागरले उपन्यास कर्नाली ब्लुज मा उल्लेख गरेको प्रसंग कोट्याएका थिए, उनले । 'सास्ती थियो है ?' 'अहिले सुविधा भयो तर, जोखिम पनि बढेको छ । सडक बनेपछि दुर्घटनामै सयौंको ज्यान गइसक्यो ।'

सुर्खेतबाट उत्तर लागेपछि दश वर्षअघि खुलेको राजमार्ग कर्णाली नदीको तीरैतीर अगाडि बढ्छ, दैलेख कालिकोटहुँदै जुम्लासम्म । सडकलाई नहेरेर पर-पर आँखा पुर्‍याउने हो भने नदीको तीर मनोरम छ, जुम्लासम्मै । कालिकोटको मान्म र रासकोट जोड्ने



ग्रामिण पहुँच कार्यक्रम तेस्रोले निर्माण गरेको सानीघाट-स्युना-सिपखाना सडक ।

कर्णाली नदीको झोलुङ्गे पुल । कर्णाली नदीमाथिको ठाडो भीर खोलेर बनाउन खोजिएको यो राजमार्ग अहिलेलाई साँघुरो कच्ची सडक मात्रै हो । सडकमा गरिएको ओटासिल (एक तहको पातलो कालोपत्रे) दुई वर्ष पनि टिकेन, पहिरो रोक्ने व्यवस्था नहुँदा वर्षायाममा सडक बन्द रहन्छ । ९ ठाउँमा बन्नुपर्ने पुलको कुरै मात्र भइरहेको छ । र पनि, धेरै ठूलो काम भएको छ, कालिकोटबाट कैलाली पुग्न अब बुद्धिसागरहरूले तीन-चार दिन हिंड्नुपर्दैन । जोखिम भए पनि दिनहुँ मानिस र सामान बोकेका ट्रक, बस, ट्र्याक्टर र जीपहरू सुर्खेत-दैलेख-कालिकोट हुँदै मुगु र जुम्लासम्म ओहोरदोहोर गर्छन् । नेपाल र भारतमा उत्पादित लत्ताकपडा, सिमेन्ट, चाउचाउ र तेलदेखि तरकारीसम्म दुई दिनमै सुर्खेतबाट जुम्ला पुग्छन् । माथिका स्याउ, सिमी, ओखर तिनै गाडी चढेर सजिलै समथर झर्छन् । पहाडले किन्ने वस्तु धेरै र बेच्ने थोरै छ । गएको १६ माघमा कालिकोट सदरमुकाम मान्मबाट

**बाँकी ८ पृष्ठमा..**

## मन्त्रिपरिषद् विस्तार

**मिसन न्यूज**

काठमाडौं- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेतृत्व समालेको ११ दिनपछि सोमबार सत्तासाझेदार नेकपा माओवादी केन्द्रलाई सरकारमा सहभागी गराएका छन् । एमाले र माओवादीबीच पार्टीएकता गर्ने सैद्धान्तिक सहमतिपछि पनि मन्त्रालय र मन्त्री छनोटमा सहमति हुन नसक्दा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको थियो ।दोस्रोपटक प्रधानमन्त्रीको सपथ लिगेकै दिन फागुन ३ गते सरकारमा दुई नेतालाई सहभागी गराएका ओलीले सोमबार एमाले र माओवादीका दुईदुई नेतालाई मन्त्रिपरिषद्मा सहभागी गराएका हुन् । विस्तार सँगै मन्त्रिपरिषद् सातसदस्यीय बनेको छ । पहिलोपटक सरकारको नेतृत्व गर्दा आधादर्जन उपप्रधानमन्त्री बनाएका ओलीले यसपटक भने उपप्रधानमन्त्री नबनाउने संकेत गरेका छन् । पार्टी महासचिव ईश्वर पोखरेल र माओवादीका पूर्वमहासचिव रामबहादुर थापालाई उनले मन्त्रीकै रुपमा सरकारमा सहभागी गराएका छन् । पोखरेल र थापालाई ओलीले क्रमशः रक्षा र गृह मन्त्रालयको जिम्मेवारी दिएका छन् । पोखरेल पहिलो संविधानसभा विघटनको पूर्वसन्ध्यामा बाबुराम भट्टराई नेतृत्व सरकारमा उपप्रधानमन्त्री थिए ।

भट्टराई नेतृत्वको सरकारलाई सर्वपक्षीय बनाउँदै संविधान जारी गर्ने सहमतिपछि कांग्रेस र एमाले उपप्रधानमन्त्रीसहित सरकारमा सहभागी भएका थिए । संविधान निर्माणमा दलीय सहमति जुट्न नसकेपछि भने पोखरेल सरकारमा सहभागी भएको १३ दिनमै बाहिरिएका थिए । त्यसअघि २०५९ मा पोखरेल शेरबहादुर देउवा नेतृत्वको सरकारमा सहभागी थिए । माओवादीले सञ्चालन गरेको सशस्त्र युद्धमा प्रभावकारी भूमिका निर्वाह गरेका थापा माओवादी शान्तिप्रक्रियामा आएसँगै २०६५ साउनमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वमा गठन भएको सरकारमा रक्षामन्त्रीका रुपमा सहभागी भएका थिए । तत्कालीन

**बाँकी ७ पृष्ठमा..**

## सम्पादकीय

### कर्णाली प्रदेशको सन्देश

संघीयताको अभ्यासका क्रममा सबैभन्दा पहिले आफ्नो नाम कर्णाली राखेर प्रदेश ६ ले सुखद सुरुवात गरको छ । नेपाली सभ्यताको मुहान मानिने यो प्रदेशले नामकरणको विषयलाई जति सहज ढंगले समाधान गरेको छ, त्यो अन्य प्रदेशका निम्ति पनि प्रेरक बन्न पुगेको छ । कर्णाली प्रदेशका समृद्धिका सपना छन् । ती सपनालाई यथार्थमा अनूदित गर्न यो प्रदेश सहज ढंगले अघि बढ्न सक्ने अपेक्षा पनि गर्न सकिन्छ । पश्चिम नेपालले जहिल्यै काठमाडौंबाट वञ्चितिमा परेको महसुस गर्दै आएको छ ।

काम गर्न सक्ने सन्देशसमेत यो निर्णयबाट प्रवाहित भएको छ । वास्तवमा संघीयताको कार्यान्वयनमा जुन ढंगले विवाद हुने धारणा विशेषज्ञहरूले यसअघि व्यक्त गर्ने गरका थिए, त्यो अनुमानभन्दा भिन्न यिनको काम सहज र निर्विवाद ढंगले अघि बढ्न थालेको पनि देखिएको छ । प्रदेशहरूले कसरी आफ्ना काम गर्लान् ? तिनका लागि स्रोतसाधनको व्यवस्था के होला ? तिनका निम्ति आवश्यक भौतिक पूर्वाधारको व्यवस्था होला-नहोला भन्ने शंका चिर्दै प्रदेशहरुले आफ्नो प्रक्रिया अघि बढाएका छन्। कर्णाली प्रदेशको नामकरणका क्रममा पनि सुझबुझपूर्ण निर्णय गर्न सांसदहरूले भूमिका निर्वाह गरेका छन् ।

## प्रेम कैदी

मानव सभ्यताको आदिकेन्द्र कर्णाली वि.सं.१८४६ सम्म जुम्ला साम्राज्य हो । दक्षिणमा गंगा, उत्तरमा कुगे, पूर्वमा मुक्तिनाथ र पश्चिममा बद्रिनाथसम्म फैलिएको थियो । बीचमा पाँच हजार योजनको लिंग कैलाश र त्यसवरिपरि खारा समुद्र, उत्तर कुरु, पूर्व विदेह, पश्चिम अवरगोदानीय र दक्षिणमा जम्बुद्वीप र जुम्ला यसै जम्बुद्वीपको ठूलो भूभाग हो । द्वीपहरूमा जम्बु (स्याल)का नामबाट हुनुले आदिकालदेखि जीवको अस्तित्व यसै द्वीपमा मात्र भएकाले देव दानव तथा मानवको सृष्टि तथा धर्म संस्कृति सभ्यताको प्रारम्भ यहींबाट भयो । समुद्रमन्थनमा अमृत कलस कागरूपी जयन्तले लिएर १२ दिनसम्म उड्दै प्रयाग, हरिद्वार, उज्जैन र नासिकमा सुस्ताएकाले अमृतले छोएको भनेर १२ वर्षे कुम्भमेला लाग्छ । र ामायणको उत्तरकाण्डमा इन्द्रले रावण र जयन्तले मेघनाथसँग युद्ध गरेको र अन्तमा रावणका मावली बाजे पुलोमा ऋषिले बेहोस जयन्तलाई लिएर गए । पद्मपुराणमा सुरापद्मन भन्ने राक्षससँग जयन्तले लड्छन् ।

शिवको जन्म र निवास कैलाशमा भए पनि उनलाई सिर्जना गर्ने आदिशक्ति हिमालयखण्डमा उत्पत्ति भएको स्कन्दपुराण लेख्छ । महादेवले ब्रह्माण्डमाथि शासन गरेको राजधानी कर्णालीको रास्कोट बिजैपुर गाउँमाथिको मौलाकोट हुनुले सभ्यताको आदि थलो यही देखिन्छ । महादेवको २०औं वर्ष भक्तिसाथ तपस्या गरेकाले आफ्नो र ाज्य अलकापुरीका राजा सकबहादुरलाई प्रदान गर्दै उनको नाम देवेन्द्र राखेर आफू जोगी भएर हिँडेको हिमवतखण्ड भन्छ । सकबहादुरको राज्यको राजधानी

## मष्टोदेव : कर्णालीदेखि मंगोलियासम्म

भएकाले कैलाश कर्णालीखण्डलाई साकेतभूमि, ज्ञानकर्म मात्र गर्ने र दूध पिउने दुग्धभोगी दैवी सभ्यताका कारण रक्तपात गर्न नपाइने अवध क्षेत्र, भोतकातुमा यसलाई ग्यागार र संस्कृत ग्रन्थहरूमा सपादलक्ष भनियो । पछि देवराजले आफूले स्वर्गको राज्य लिएर आफ्ना छोरा जयन्तलाई पृथ्वीको राज्य प्रदान गरे । वायुपुराणमा उर्वशीले अगस्त्य गुरुको सम्मानमा इन्द्रको दर बारमा नृत्य गरिरहेको वेला जयन्तसँग आँखा जुधाउँदै तालभंग गरेपछि ऋषिले आफ्नो अपमान गरेको ठानी क्रुद्ध भएर जयन्तलाई पृथ्वीमा बाँसको झाङ र उर्वशीलाई देवदासी हुने श्राप दिन्छन् । जयन्तको जीवनमा उर्वशी प्रेमिका देखिन्छन् ।रामायणमा जयन्तले काग भएर सीतालाई ठुङ्दा रामले ब्रह्मास्त्रले एक आँखा फुटालेको उल्लेख छ ।

यिनै जयन्त नेपालीहरूका कुलदेवता मष्टो हुन् र स्थान विशेष अनि कर्मका आधारमा अनेक रूप लिए पनि एउटै छन् । मष्टोदेवबारे विधिवत् अध्ययन २०१२ सालयता योगी नरहरिनाथको कर्णालीको भ्रमणपछि भयो र पश्चिमाहरूमध्ये मष्टो देवताबारे स्थलगत अध्ययन गर्ने विद्वान् फ्रान्सका मार्क गावोरियो हुन् । यिनको १९६९मा मष्टा कल्ट इन कर्णाली रिजन भन्ने लेख जोहन टी. हिचककको पुस्तक स्पिरिट पोसेसन इन नेपाल हिमालयमा छापियो । हाम्रो इतिहास राम्ररी अनुसन्धान नभएकाले धेरै कुरा भ्रमपूर्ण छन् र त्यसमा पश्चिमका लेखकमध्ये औपनिवेशिक अवधारणाबाट प्रेरितहरूले त नेपाल मात्र होइन, समग्र एसियाकै इतिहासलाई लथालिंग पारे । हुँदै नभएका आर्य, मंगोल, द्रविडजस्ता नक्कली जाति खडा गरेर हाम्रो सामाजिक स्वरूप नै खण्डित पारे। मार्क गावोरियोकै लेख हेर्दा त्यहाँ धेरै कुरा भ्रमपूर्ण छन्, उनले मष्टोका भानिज बाँठपालोलाई मात्र नभनी खापरलाई पनि मष्टो भनेका छन् । उनले मष्टोको उत्पत्ति सम्बन्धमा नर्थ इन्डिया अर्थात् कास्मिरबाट ढडार (बझाङ) आएको, मष्टोले नौ बहिनी दुर्गाहरूलाई ढँडारमा भेटेको जस्ता गलत कुरा लेखे । अहिलेसम्म इतिहासकारहरूले लेखेको अध्ययन गर्दा त्यसमा प्रायले जनमानसमा प्रचलित भनाइहरू संकलन गरेका छन् । मष्टो इन्द्र पुत्र हुन्, मण्डाल्नी भनिएकी आमा इन्द्रायणी वा शची र १६ बहिनीहरू दुर्गा, सुर्मा, मालिका, जालपा, कालिका, खदारीदेवी, बुढीनन्दा, शैलेश्वरी, दुग्धेश्वरी, वरदादेवी, चिराशैनी, निगालशैनी, त्रिपुरासुन्दरी (रणसैनी), मैलोली भगवती, बेओट भवानी र उग्रतारा हुन्। यसरी नै मष्टोका छोरा एकोवार मूलमा जन्मेकाले पिँजडामा थुनेर गाडेको तर तिनी मूल फुटाएर बाहिर निस्केर ढँडारभन्दा पाँच किमि तल स्थापित गरिए । महादेवको नाम फागमा महालिंग हो भने उनका ६ भाइ राक्षसले मारेको, त्यसमा एक भाइ बँचेको र मष्टोसँग भएको बाजीअनुसार शत्रु पराजित गरेर महालिंगले दुर्गाहरूसँग विवाह गरे ।

उनको वाहन नुना हुन् । उनका कर्मचारी शनिसार र कौछ्या भन्ने दिवान छन् । गुरुका रूपमा कुशाभट्ट भए पनि बझाङमा छडाखेती ( बृहस्पति ?) मानिएको लेखक श्यामबहादुर खड्का लेख्छन् । डुँडा केशरी भन्ने लाँकुडा मष्टोका मन्त्री र बहिनी जालपाका पुत्र रिठापाटामा जालपाकै मन्दिरनेर स्थापित छन् । कालिकाका पुत्र कालसैन देवता उनका सेनापति हुन् । सहायकका रूपमा लवासैन भन्ने छन् । सुर्माका छोरा लाँगा र दुर्गाका छोरा बाँठपालोमा शिवपुत्र बाँठपालो वेदका आधिकारिक ज्ञाता हुन् र धवलपुरो देउतालाई राक्षसबाट बचाउँदा वेद ढुंगामा परिणत भएको कथाले मष्टोदेव नै वेदका रक्षक हुन् र वेद नेपालीहरूको आफ्नै ग्रन्थ हो र यसैले मष्टो हिन्दू होइनन् भन्ने विवादको पनि अन्त्य गर्छ । हाम्रो इतिहास राम्ररी

बाँकी ७ पृष्ठमा..

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
सह–सम्पादकःपंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरःदिलिपकुमार शाही
बजार ब्यवस्थापकःविक्रम शाही
कार्यालयः खाडाचक्र नपा-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म-५ कालिकोट

www.missionenews.com

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# प्रधानमन्त्रीका चुनौति र अवसर

जैनेन्द्र जीवन

साँच्चै देशको विकास र जनताको समृद्धि नै चाहेको हो भने प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई आधुनिक नेपालको ज्यादै कम नेतालाई प्राप्त दुर्लभ अवसर प्राप्त छ यतिखेर । प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ सालमा निर्वा्चित नेपाली कांग्रेसको सरकारलाई मात्र यस्तो अवसर प्राप्त थियो । जसको सदुपयोग गर्न उसले सकेन आफ्नै अन्तर्कलह र शासन क्षमताको अभावका कारण । विकास र समृद्धि युगीन अजेन्डा हुँदा समय त्यो अजेन्डा बोकेका ओलीको साथमा छ । केन्द्रका अलावा बहुसंख्यक प्रदेश र स्थानीय सरकारसमेत बनाउने सुविधाजनक बहुमत प्राप्त हुँदा अवस्था पनि अनुकूल छ। आफ्नै कारणले बाहेक अरुको कारणबाट सत्ताबाट बाहिरिनुपर्ने स्थिति एमाले-माओवादी केन्द्र(माके)को सरकारलाई अहिले छैन ।

आफ्नो दलमा राम्रो पकड भएका ओलीको नेतृत्वलाई दलभित्रैबाट चुनौती दिनसक्ने पात्र र परिस्थिति पनि तत्काल देखिँदैनन् । चुनौती बन्न सक्ने दक्षिणको भूराजनीतिक शक्तिले भनाइ र गराइ दुवैबाट उनीहरूको सरकारसँग राम्रो सम्बन्ध राख्न चाहेको सन्देश दोहोरोर्‍याइ तेहेर्‍याइ दिइसकेको छ । अर्को शक्तिशाली उत्तरी छिमेकीको नेपालप्रतिको परम्परागत सद्भावमा उनीहरूप्रतिको सहानुभूतिसमेत थपिएको कुरा पनि अब गोप्य रहेन । अरु अन्तरा्ष्ट्रिय समुदाय र दाता राष्ट्रसंस्थाहरू नेपाललाई सहयोग गर्न इच्छुक र तयार छन् । ओलीको दल एमाले देशको सबैभन्दा चुस्त र व्यवस्थित दल त हुँदै हो । एमालेका अरु कतिपय नेतामा नभएको अन्यान्य राजनीतिक शक्तिरदलहरूसँग मिलेर काम गर्नसक्ने व्यवहार कुशलता पनि ओलीमा छ । भारतले गरेको नाकाबन्दीको दौरमा प्रधानमन्त्रीका हैसियतले लिएका कतिपय अडानले उनको एउटा राष्ट्रवादी र लोकप्रिय नेताको छवि पनि बनेको छ। जुन स्वयंमा ठूलो पुँजी हो सदुपयोग गर्न जानेदेखि । अनावश्यकरूपमा नबिच्क्याएमा सत्ता साझेदार माकेलाई पनि एमालेसँगै मिलेर सरकार चलाउनुभन्दा राम्रो र जनादेशयुक्त अर्को विकल्प छैन पार्टी एकता भए पनि नभए पनि । जुन कुरा उसले पनि राम्ररी बुझेको छ । प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस स्वभावैले उदार दल भएको र त्यसमाथि चुनावी पराजयबाट निरास र 'डिमोरलाइज' समेत भएको हुंदा उसले उग्र विरोध गरेर सरकारलाई गम्भीर चुनौती दिने सम्भावनै छैन ।

**आर्थिक र संरचनागत चुनौती**

अवसर जतिसुकै भए तापनि आफूले कबोल गरेका वाचा पूरा गर्न नसके प्राप्त अवसर आफैँ चुनौतीमा बदलिने छन् । सबभन्दा ठूलो चुनौती हामी गरिब र साधनस्रोतले न्यून देश हौँ जसको कुल आयको लगभग सबै अंश तलब, भत्ता र ऋण तिर्नमै खर्च हुन्छ । अरुले सहायता नदिने हो भने आजै पनि हामी विकासका लागि चाहिने पुँजीगत खर्च जुटाउन असमर्थ छौँ । अब संघीय स्वरूपमा गएपछि बढ्ने ठूलो व्यय भार जुटाउने कसरी ? पर्यटन क्षेत्रको सम्भावनाबाहेक प्राकृतिक स्रोतमा खोलानाला र खनिज साधनमा चुनढुंगा, बस यत्ति हुन हामीसँग उपलब्ध तुलनात्मक लाभका क्षेत्र, सम्भावना र साधन। जसको व्यावसायिक दोहन गरेर धनी बन्न अहिलेकै जस्तो कमजोर शासकीय दक्षता, लगानीयोग्य पुंजीको न्यून उपलब्धता र असहज राजनीतिक वातावरण रहुन्जेल असम्भव छ । तर समस्याचाहिँ के छ भने हाम्रा अर्धशिक्षित नेताहरूले हामी त अथाह साधनस्रोत भएका देश हौँ, पहिलेका शासकहरूले लुटेर खाएका कारणमात्र देशको विकास हुन नसकेको भन्ने भ्रम छरिदिएका छन्, आफ्ना कार्यकर्तादेखिन आमजनताको एउटा तप्कासम्ममा। त्यस्तो भ्रमले कुनैबेला आन्दोलनमा मान्छे उतार्न त सघायो तर त्यसैबाट उर्लेको जनआकांक्षा पूरा हुन नसक्दा जनतामा उत्पन्न हुने निराशाले आज हिरो बनेका ओली भोलि भिलेन हुन कत्ति बेर छैन । यस्तोमा, गर्न सकिने यत्ति हो भनेर जनतालाई नढाँटीकन भन्ने र त्यसरी गर्नपर्ने कुरा इमानदारीपूर्वक गर्ने काम के ओली टिमबाट होला ?

संघीयता हाम्रो देशमा नौलो प्रयोग हो र संघीय ढांचाको संविधान बनिसकेपछि पनि संघीयता आवश्यक कि अनावश्यक भन्ने कुरामा देश र समाज अझै लगभग विभाजित अवस्थामै छ। जातीय/क्षेत्रीय पहिचानमा आधारित संघीयताको खतरा अहिलेलाई टरे पनि खर्चिलो र धान्नै नसक्ने भएका कारणले पनि संघीयता असफल हुने सम्भावना उत्तिकै छ । त्यसो भयो भने देशका कार्यकारी प्रमुखसमेत रहेका र जातीय क्षेत्रीय समूहहरूले संघीयता र पहिचान विरोधी भनी प्रचारित गरिदिएका ओलीका टाउकामा त्यसको दोष आउनेछ।

**राजनीतिक र आन्तरिक चुनौती**

राजनीतिकरवैचारिक लाइन र माकेका शीर्ष नेतृत्वको 'सम्मानजनक' व्यवस्थापनदेखि तल्लो तहसम्मका कार्यकर्ताका पद मिलानसम्मका जे/जति जटिल चुनौतीले गरेर एकता कठिन र ढिला भइरहेको छ, ती चुनौती भोलि पनि ज्युँका त्युँ रहने देखिन्छन् । अवश्यम्भावीरूपमा आइलाग्ने एकताको समस्या तथा एकता नहुन्जेल संयुक्त सरकारमा आउने खटपटले सरकारको कार्यसम्पादन एकमना सरकारको जस्तो हुन दिने छैन । यस्तो मनोविज्ञान राष्ट्रनिर्माणका लागि घातक र सरकार सुसञ्चालनका लागि प्रत्युत्पादक हुन्छ। आफूलाई राजनेताका रूपमा स्थापित गराउन चाहने ओलीका लागि यो चुनौती निकै गम्भीर छ सबैलाई समेटेर हिँड्न खोजे पार्टीभित्रका प्रतिस्पर्धीहरू तथा पार्टीको परम्परागत 'कन्स्टिच्युएन्सी' ले त्यसलाई पचाउन गाह्रो मान्नेछ। फेरि राष्ट्र निर्माणै गर्ने हो भने अबको नेपालमा प्रमुख प्रतिपक्षको पनि सहयोग चाहिन्छ । र, ऊसँग अनावश्यक मुठभेडमा जाँदा बाह्य शक्तिहरूको चलखेल पनि बढ्नेछ । जसबाट पुनः राजनीतिक अस्थिरताको खतरा उत्पन्न हुनेछ ।

**भूराजनीतिका चुनौती**

ओली नेतृत्वको सरकारसामु भूराजनीतिको चुनौती त झनै विशाल र गहिरो छ आजका दिनमा जसमा भारतमात्र होइन, चीनको आयामसमेत थपिएको छ । हाम्रो विदेश नीति, खासगरी छिमेक नीतिको सबभन्दा ठूलो चुनौती र आवश्यकता भनेकै हामीलाई आफ्नो प्रभाव क्षेत्र मानेर हाम्रो आन्तरिक मामलामा प्रायः हस्तक्षेप गरिरहने दक्षिणको भूराजनीतिक शक्तिसँग अनावश्यकरूपले सम्बन्ध नबिगारिकन, आफ्नो राष्ट्रिय स्वाधीनताको अधिकाधिक अभ्यास गर्दै जानु हो । अर्को ठूलो छिमेकीलाई यहाँको आन्तरिक राजनीतिमा भित्र्याउने र पल्काउने काम गरियो भने त्यो महाभूल हुनेछ। जसले कालान्तरमा हाम्रो देश दुई ठूला र शक्तिशाली छिमेकीको भिडन्तस्थल बन्न जानेछ ।

**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति कालिकोट**

**कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**



## मनोरञ्जन



### हास्यास्पद् मोडमा हास्य चलचित्र छाडा शब्द र बांगो मुखकै भर कहिलेसम्म ?

नेपाली चलचित्रमा कुनैबेला 'आँसु' बेचिन्थ्यो । कथालाई बटारेर, निचोरेर या थेचारेर किन नहोस्, दर्शकलाई रुवाउने उद्यम गरिन्थ्यो । त्यस्ता चलचित्रको प्रचारमै भनिन्थ्यो, 'हलमा जाँदा रुमाल लिएर जानुहोला ।' एउटा चलचित्रले त सित्तैमा रुमाल नै बाँड्यो । अचेल ठ्याक्कै उल्टो छ, चलचित्रमा 'हासो' बढी बेचिन्छ । रुवाउने होइन, खित्का छाडेर हसाउने चेष्टा गरिन्छ । मुख बंग्याएर होस्, बिचित्रको हुलिया बनाएर होस् या अश्लील शब्दावली ओकलेर नै किन नहोस्, हलमा हासोको फोहोरा छुट्नैपर्छ । जमाना हास्य रसको छ । कमेडी चलचित्रमा मात्र हैन, अन्य विषयका चलचित्रले समेत दर्शक तान्न हास्य रसकै सहारा लिन थालेका छन् । प्रदर्शनोन्मुख चलचित्रका ट्रेलरहरुमा पनि 'कमेडी बर्चस्व'कै छनक पाइन्छ ।

यो ट्रेन्ड कतिसम्म गहिरिएको छ भने, अब चल्तीका हिरोहरु 'हास्य अभिनेता'जस्ता बनाइएका छन् । कतिलाई त जोकर पनि । हास्य रस भजाउने धूनमा कतिपय फिल्ममेकर्स 'हासउठ्दो चलचित्र' बनाउने कसरतमा लागेकोसमेत देखियो । कतिले बनाइसके । 'लालपूर्जा' र 'फाटेको जुत्ता' त्यसैकै बाइप्रोडक्ट हुन् । हास्य फोबिया कतिसम्म गहिरिएको छ भने, अब चल्तीका हिरोहरु 'हास्य अभिनेता'जस्ता बनाइएका छन् । ब्लकबस्टर भनिएका 'छक्का(पन्जा' मात्र होइन, 'जात्रा', 'मिस्टर झोले' सबै कमेडी जनराकै चलचित्र हुन् । यसबीचमा केही एक्सन, लभस्टोरी र 'कलात्मक' चलचित्र आए । तर, बाजी जिते कमेडी जनराले । कमेडी चलचित्रमा दर्शक जसरी ओइरिए, अन्यले त्यसको छेउटुप्पो भेट्न सकेनन् । त्यसैले फिल्म मेकर्सले ठाने, फिल्म त कमेडी नै बनाउनुपर्छ । बनाइदिए । चल्यो पनि । तर, किन चल्यो त ?

**कमेडी नै किन ?**

कमेडी फिल्म किन चल्यो ? यस्तै जनराको फिल्म बनाउने लहड कसरी आयो ? यसको एउटा मात्र जवाफ छैन । लामो गृहयुद्ध, राजनीतिक उथलपुलथ, आर्थिक शिथिलता, सामाजिक विच्छृंखलता झेल्दै बाँचेको नेपाली समाजले खुलेर हाँस्न पाएका थिएनन् । खाँचो थियो उन्मुक्त मनोरञ्जनको । फिल्मको माध्यामबाट उनीहरुले त्यही खुराक पाए । खुसी र हाँसो खोजीमा रहेको सुक्ष्म मनोविज्ञानले दर्शकलाई हलसम्म तान्यो ।

हास्यव्यङ्गको आलोकमा टेकेर कलाकर्म गरिरहेकाहरु फिल्म मेकिङमा लागे । लोडसेडिङ र अनेकौ जटिलताले खस्किदै गएको टेलिशृंखलाका दर्शकलाई उनीहरुले सिनेमा घरमा एकत्रित गरे ।

## स्वास्थ्य

### १० खानेकुरा, जसले निर्खाछ अनुहारको सुन्दरता

सुन्दर अनुहार को चाहँदैन ? चमकदार छाला को चाहँदैन ? तर, यसका लागि बिहान(बेलुकी क्रिम घसेर मात्र पुग्दैन । सौन्दर्य प्रशाधनले मानिसलाई क्षणिकरुपमा सुन्दर बनाउँछ, जुन दिगो हुँदैन । दिगो सुन्दरताका लागि भने आफ्नो जीवनशैलीमै सुधार ल्याउनुपर्छ । विशेषतः खानपानमा । यहाँ हामी १० वटा खानेकुराहरु सिफारिस गर्दैछौं, जसको सेवनले तपाईं सुन्दर अनुहार र स्वस्थ छाला पाउन सक्नुहुन्छ ।

**करेला**

करेलाले रगतलाई सुद्ध गर्छ, त्यसैल यसको सेवनले डण्डीफोर आउँदैन । भिटामिन ए बाट भरपुर करेला एउटा राम्रो एन्टिअक्सिडेन्ट हो, जसले छालालाई स्वास्थ बनाइराख्छ । करेलाले एन्टी एजिङको काम पनि गर्छ। यसको सेवनले छाला जवान देखिन्छ ।

**परवर**

परवरले पनि रगत सुद्ध गर्ने काम गर्छ, जसले गर्दा छालासम्वन्धी समस्याहरु आउँदैनन् ।

**मेथी**

मेथीको सेवनले पेट सफा रहन्छ, जसले गर्दा छाला स्वस्थ र कान्तियुक्त देखिन्छ। कपाल धुनाले काल चमकदार र मजबूत हुन्छ ।

**मुला**

मुलाको तरकारी खाने वा मुलाको रस पिउने गर्दा रगत शुद्ध हुन्छ र डण्डीफोर आउँदैन । एक महीनासम्म लगातार मुला खानाले डण्डीफोरका दाग(धब्बाहरु कम हुन्छन् । मुला काटेर डण्डीफोरमा रगड्दा डण्डीफोर गायब हुन्छ। मुलाको रसमा तिलको तेल मिलाएर कपालको मसजा गर्दा कपाल झर्न कम हुन्छ ।

**लसुन**

एन्टी अक्सिडेन्ट गुणयुक्त लसुन खानाले छाला शुन्दर देखिन्छ । नियमि लसुनको सेवनले तपाईंको र तपाईंको छालाको आयू लामो हुन्छ र छाला जवान देखिन्छ । डण्डीफोरमा लसुनको कल्ली पिसेर दल्दा फाइदा हुन्छ ।

**टमाटर**

भिटामिन ए र सीबाट भरपूर टमाटर को सेवन गर्दा डण्डीफोर आउँदैन र छाला स्वस्थ रहन्छ ।

**अंगुर**

नेचुरल स्किन गार्ड अंगुरको सेवनले घामको प्रभावबाट छालालाई जोगाउँछ ।

**कागति**

कागतिको सेवनले भिटामिन सीको पूर्ति हुन्छ । यसबाट छाला स्वस्थ बनिरहन्छ ।

**अमला**

अमला छालाका लागि मात्र नभएर कपालका लागि समेत फाइदाजनक छ । अमलाको सेवनले छालामा चमक आउनुका साथै कपाल लामो, बाक्लो र मजबुत हुन्छ ।

**अदुवा**

एन्टि एजिङ गुण भएको अदुवाको सेवनले छाला लामो समयसम्म जवान रहन्छ ।


लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

# अनुदानको चामलबाट रक्सी

**मिसन न्यूज**

**जुम्ला–** नागरिक भोकै छन् भनेर राज्य अनुदानको चामल बाँडिरहेको छ। तर नागरिकको मन मुनाफामा। त्यसैले राज्यले बाँडेको चामलले भोक होइन, पैसाको भोक पो मारिरहेका छन्। नेपाल खाद्य संस्थान शाखा कार्यालय जुम्लाले अनुदानमा बिक्री(वितरण गरेको चामलबाट रक्सी बनाउँदा दोब्बर मुनाफा हुने बताउँछन् स्थानीय। 'चामल प्रतिकिलो ४० रुपैयाँमा उपलब्ध हुन्छ,' पातारासीका माबहादुर राउतले भने, 'अरुवा मोटो चामलबाट घरेलु मदिरा निकै राम्रो बन्छ, यसबाट बनाएको मदिरा प्रतिबोतल एकसय रुपैयाँमा बिक्री हुने भएकाले अनुदानको चामलबाट मदिरा बनाइएको पाइएको छ।'

उसो त अनुदानको चामलको स्वाद नमिठो भएकाले पनि मदिरा बनाउन प्रयोग भएको पाइएको छ। भोकमरीमा चामल नपाएर कतिले ज्याननै गुमाएका छन् तर केहीलाई भने अनुदानको चामल नाफा कमाउने मदिरा उत्पादन बनाउन सहयोग पुगिरहेको छ। खाद्य संस्थान जुम्लाका प्रमुख रणबहादुर ऐर नै



भन्छन्। 'चामलको मदिरा बनाएर कमाएको पैसाले बजारमा पाइने महँगो चामल किनेर खाने गरेको पाएका छौँ।

## संस्थानको चामामा दलालको........................

किलोग्राम भएको चामलको प्याकबो मुल्य ९०० हुन्छ। त्यस्तै अरुवा मोटो चामलको ३० किलोग्रामको मुल्य ११४० मुल्य रहेको संस्थानले बताएको छ।

**संथानलाई छलेर बिक्री**

नेपाल खाद्य संस्थानलाई डिपोसम्म चामल नपुर्याएर धमाधम चामल बिक्री भएको ठेकेदारले झुटको खेति गरेर व्यापारी बसन्त शाहीले दलाली गरेको स्थानीयले ओरोप लगाएका छन्। पचालाँता गाउँपालिकाको लागि थिर्पुमा नेपाल खाद्य संस्थानको डिपो छ। तर, डिपोसम्म एक किलो चामल नपुर्याएरै बिचबाटोमै बिक्री भएको छ। बिच बाटोमा ठेकेदारबाट ठगिएका जौन बिक एक प्रतिनिधि मुलक पात्र मात्रै हुन्। उनी जस्तै सयौं स्थानीय दलालबाट ठगिएका छन्। नेपाल खाद्य संस्थाले अनुदानमा वितरण गर्ने चामलमा दलालको रजाइ भएको भईरहेको स्थानीयले गुनासो गरेका छन्। चालु आर्थिक वर्षमा ठेक्का प्रथाबाट वितरण गरिने चामलमा दलालको रजाइ भएको हो। नेपाल खाद्य संस्थान शाखा कालिकोटले चामल ढुवानीका लागि गत मंसिरमा ठेक्का आह्वान गरेको थियो। चालु आर्थिक वर्षको पहिलो चरणको चामल ढुवानीमा चरम लापरवाही भएको छ। नेपाल खाद्य संस्थानलाई आपुर्ति मन्त्रालयले तोकेको बिक्रीमुल्य भन्दा धेरै रुपैयाँले चामल बिक्री गरेको प्रमाण भेटिएको छ। ठेकेदार निलो तिरुवा र कमल गुरुङले स्थानीयलाई खाद्य संस्थानले तोकेको मुल्य अनुसार नै चामल वितरण गरेको दावी गरेका छन्। नेपाल खाद्य संस्थान कालिकोटका प्रमुख झक्कु आचार्यले आफु जिल्लामा भर्खरै आएकाले ठेकेदारले के गरे भन्नेबारे थाहा नभएको बताए। थिर्पु डिपोका लागि भर्खरै सुर्दशन प्रसाई लाई डिपो प्रमुखको रुपमा खटाएको छु। शाखा प्रमुख आचार्यले कर्मचारी अभावका कारण डिपोमा समयमा कर्मचारी खटाउन नसकिएको बताए। ८० रुपैयाँ वापत चाउँचाउ दिएको व्यापारी बसन्त शाहीले बताएका छन्।


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि
स्वास्थ्य परिक्षण गरौ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ
नखाउा र नखुऔ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ,
सफा र स्वस्थकर तरिका अपनाऔ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि
मात्र खाऔ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट



**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइदिएपछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.साबुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

(सब–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सब–डिभिजन कार्यालय कालिकोट



**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र**

सिंचाइ विकास सब डिभिजन कार्यालय
कालिकोट



उच्च ज्वरो आउने, खोकी लाग्ने, घााटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउनुहोस्।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
Ih Nff :j f:Yo s fof{no s flns f6

# अन्तराष्ट्रिय न्यूज

## सीरियामा रोकिएन युद्ध, रासायनिक हतियारद्वारा आक्रमण जारी

**मिसन न्युज**

**काठमाडौं ।** युद्ध विराम गर्ने सहमतिलाई लत्याउँदै सीरिया सरकारले विद्रोहीको प्रभाव क्षेत्रमा हवाई हमला जारी राखेको छ । ताजा हमलामा क्लोरिन जस्ता रासायनिक हतियारको पनि प्रयोग गरिएको छ । राजधानी नजिकको गुटामा विद्रोही नियन्त्रित क्षेत्रमा सीरियाले बमबारी गर्दा पाँच सय भन्दा बढीको मृत्यु भइसकेको छ। बीबीसीका मध्यपूर्व सम्पादक जेरेमी बोवेनका अनुसार सीरियामा सात वर्षदेखि लडाईं जारी छ र यस क्रममा युद्धविराम शायदै भएको छ ।

आक्रमणमा सीरिया सरकारलाई रुस सरकारले सहयोग गर्दै आएको छ। रुसले भने विद्रोही संगठन जैश अल इस्लामले युद्ध विरामको उल्लंघन गरेको आरोप लगाएको छ । रुसको यस आरोपमा जैश अल इस्लामइस्लामका प्रवक्ताले भनेका छन् जब सीरिया सरकारले नै संयुक्त राष्ट्र संघको प्रस्ताव मानिरहेको छैन भने हामी पनि आफ्ना बच्चाहरुसँग हात बाँधेर बस्न सक्दैनौं । सीरियामा पछिल्लो हमला सुरक्षा परिषदमा ३० दिनको संघर्ष्विरामको प्रस्ताव पारित भएको केही घण्टापछि भएको छ। सीरियामा हवाई र स्थल सैन्य कारवाही जारी छ । गत आइतबार फ्रान्स र जर्मनीले रुसलाई, सीरिया सरकारलाई युद्धविरामको सम्मान गर्न दबाव दिन आग्रह गरेका थिए । सीरिया अर्थात् 'पृथ्वीमा नर्क' संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटरेशले पूर्वी गुटाको हालतलाई 'पृथ्वीमा नर्क' जस्तै भएको टिप्पणी गरेका छन् । हवाई र स्थल आक्रमणबाट मृत्यु हुनेहरुको संख्या अधिक छ । आक्रमण भएको क्षेत्रमा लगभग चार लाख व्यक्ति फसेका छन्। समाचार एजेन्सी रोयर्टसका अनुसार इरानले युद्ध विरामलाई सम्मान गर्ने छ तर,सीरियाको राजधानी दमास्कस आसपासमा आफ्नो सैन्य कारवाही रोकिने छैन । किनकी उसको भनाइमा यो क्षेत्र युद्ध विरामको दायरामा आउँदैन ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले संसदमा दिएको मन्तव्य इतिहासमै सबैभन्दा बढी व्यक्तिले टेलिभिजनमार्फत् सुनेको दावी गरेका छन् ।

तर गत वर्ष रेटिङ्स डाटाले ट्रम्पको यस दावीलाई पूर्णरुपमा गलत ठहर गरेको थियो । ट्रम्पले हालसम्म सबैभन्दा बढी ४ करोड ५६ लाख मानिसले टेलिभिजनमार्फत् आफूले स्टेट अफ द युनियनमा दिएको मन्तव्य सुनेको दावी गरेका थिए । तर अमेरिकाको टेलिभिजन रेटिङ्ग सम्बन्धी तथ्यांक राख्ने कम्पनी निलसनले त्यो दावीलाई गलत भनेको छ ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

**मिसन न्यूज**
**राष्ट्रिय साप्ताहिक**

www.missionenews.com


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२


## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |

| | |
|---|---|
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

## मन्त्रीपरिषद.......

प्रधानसेनापति रुक्माङ्गत कटवाललाई हटाउने थापाको अडान कार्यान्वयनसँगै दाहाल सरकार संकटमा परेको थियो । दाहाल नेतृत्व सरकारको निर्णयलाई तत्कालीन राष्ट्रपति रामवरण यादवले कांग्रेस र एमालेको आडमा उल्ट्याएका थिए । त्यस क्रममा सत्तासाझेदार एमालेले पनि साथ नदिएपछि दाहालले प्रधानमन्त्रीबाट राजीनामा गरेका थिए । माओवादी नेता मातृकाप्रसाद यादव र एमालेकै युवराज खतिवडालाई पनि ओलीले सरकारमा सहभागी गराएका छन्। यादवले उद्योग, वाणिज्य तथा आपूर्ति र खतिवडाले अर्थ मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

माओवादी शान्तिप्रक्रियामा आएसँगै स्थायी कमिटी सदस्य यादव नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्व सरकारमा सहभागी थिए । वन मन्त्रालयको नेतृत्व समाल्दा रक्तचन्दन तस्करी नियन्त्रण गरेको भन्दै चर्चामा आएका यादव मातहतका कर्मचारीलाई दुर्व्यवहार गरेको भन्दै विवादमा तानिएका थिए । नवनियुक्त मन्त्रीले सोमबारे पद तथा गोपनीयताको सपथ ग्रहण गरेका छन् ।

## मष्टोदेव......

अनुसन्धान नभएकाले धेरै कुरा भ्रमपूर्ण छन् ।त्यसमा पश्चिमका लेखकमध्ये औपनिवेशिक अवधारणाबाट प्रेरितहरूले त नेपाल मात्र होइन, समग्र एसियाकै इतिहासलाई लथालिंग पारे । हुँदै नभएका आर्य, मंगोल, द्रविडजस्ता नक्कली जाति खडा गरेर हाम्रो सामाजिक स्वरूप नै खण्डित पारे । कालान्तरमा वेदको अन्त्य गरेर वेदान्तको सिद्धान्त अघि सारियो । दक्षिण एसियाकै केही लेखकहरूले मष्टोलगायत कतिपय देवीदेवता र वेदलाई पन्छाएर भिन्नै शास्त्र तयार गरे, जसलाई यवन, मुस्लिम र युरोपीय औपनिवेशिक प्रपञ्चले सभ्यता र इतिहासजस्तै धर्म संस्कृतिमाथि ठूलो घात गर्‍यो ।

वैदिक सभ्यतामाथि एउटा कालखण्डमा बाहिर र भित्रबाट हमला भयो । शून्यवादको प्रभाव र त्यसलाई नियन्त्रण गर्न खोज्ने वेदान्तलगायतको पुनरुत्थानको अभियानसँगै आएका कर्मकाण्ड र पौराणिक युगमा समाजको प्रवेशसँगै वेदको अध्ययन अध्यापन तथा अभ्यास ओझेलमा पर्‍यो । जहाँ वेद र मष्टोदेवको उपेक्षा भयो, त्यो वैदेशिक हमलाको सिकार भयो जरथुष्ट्रले लेखेको अभेस्ताले मूलदेवताका रूपमा अहुर मज्दा (मष्टोदेव) लाई मान्छ ।

# तस्विर




*कर्णाली करिडोर अन्तरगतकालिकोट स्थित थिर्पु नजिकै को ट्र्याक खोल्दै मजदुर*

कर्णाली करिडोरअन्तर्गत खुलालु-सिमीकोट सडकखण्डको ६६ किलोमिटर सडकखण्डको निर्माण कार्य पूरा भएको छ । नेपाली सेनाको निर्माण कार्य दलले एक वर्ष भित्र उक्त सडक सम्पन्न गर्ने भएको छ ।

## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख) एवं**
**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझोँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

# कर्णालीमा विकासको................

विकास विभाग (डीएफआईडी) को सहयोगमा आएको ग्रामीण पहुँच कार्यक्रम तेस्रो ले स्थानीय समुदायको सहभागितामा निर्माण गरेको १८ किलोमिटर लामो सडक रासकोट नगर पालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम थियो, त्यो। विद्यार्थी झोला कक्षामै छोडेर दौडिंदै गाडीको ताँती हेर्न आएका थिए ।

शिक्षकहरू समेत नगरपालिकाको कार्यक्रममा तानिएपछि सडक क्षेत्रका सबै विद्यालय बन्द भए । समारोहमा भाषण गर्ने दलका नेतादेखि भेला भएका मतदातासम्मले रुँयापजस्तो कार्यक्रमको म्याद थपिनुपर्ने माग गरे । रासकोट-२ बुद्धिसैनकी लछु चौलागाईंले खुशी हुँदै भनिन् 'विकास आयो, कहालीलाग्दो भीर मा आफूभन्दा ठूलो भारी बोकेर हिंड्ने दिन सकियो ।' आवश्यकता र विकास पनि हो सडक, तर यसलाई आम्दानीसँग जोड्न सक्नुपर्दोरहेछ। त्यसैले रुँयापको जयगान भएको रहेछ । मानव विकास सूचकांकमा निकै पछाडि परेको जिल्ला कालिकोटमा स्थानीय उत्पादनले वर्षभरि खान पुग्दैन । यहाँका अधिकांश मानिस खेतीको सिजनपछि मजदूरी गर्न कालापहाड (भारत) जान्छन् । तीन वर्षसम्म सानीघाट-स्युना-सिपखाना १८ किमी सडक बनिरहँदा चाहिं रासकोट क्षेत्रका मानिसहरू कालापहाड (भारत) जानु परेन। डोजर, एक्सकाभेटर जस्ता यन्त्रको साटो कुटोकोदालोबाटै सडक खनिएकाले स्थानीयवासीले काम पाए।



सडक निर्माणमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य सहभागी गराइएको र समान ज्याला दिइएकाले महिलाहरूको हातमा पनि रकम आयो । पहिले त रुपैयाँ चिन्नै गाह्रो भएको रासकोट-६ कि मेमकुशा शाहीले बताइन् । हिमाल खबरबाट


**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं.** ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०

**फ्यक्स नं.** ०८३–५२३८८४

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.**९८५८०५३४२२

**ईमेल** ciaasurkhet@gmail.com



**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**


## दिगो तथा न्यायोचित विकास प्रतिष्ठान, कालीकोटको सुची दर्ता सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७४।११।१६**

यस कार्यालयमा २०१८ को लागी आवश्यक तपशिल बमोजिमका सरसामान तथा सेवाहरु आवश्यक भएकोले, उपलब्ध गराउन ईच्छुक इजाजत प्राप्त ब्यक्ति, फर्म, कम्पनीबाट सुचीदर्ताका लागी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा सुची दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

१. सामान आपुर्ति तथा सेवा सम्बन्धी
२. कार्यालयका सामान (स्टेशनरी तथा मसलन्द)
३. पुर्वाधार निर्माण सम्बन्धी सामग्री तथा सेवा (खानेपानी तथा सिचाई)
४. छपाई सम्बन्धी
५. गाडी भाडा
६. कृषि तथा पशुपालन सम्बन्धीका आवश्यक सामग्री तथा सेवा (एग्रोभेट)
७. फर्निचर तथा फर्निसिङ सेवा
८. तालिम, कार्यशाला तथा बैठकका लागी खाना, नास्ता, हल तथा उचित आवासका लागी सेवा
९. प्रिन्ट तथा फोटोकपी
१०. सुचना प्रकाशन तथा प्रसारण

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरुः**

क) फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
ख) फर्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी
ग) स्थायी लेखा नम्बरको प्रतिलिपी
घ) नियमानुसारको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

**द्रष्टव्य :**

१. आफ्नो फर्मले जुन कार्य गर्नका वा सामान आपुर्ति वा सेवा दिने इजाजत प्राप्त गरेको हो सोही समुहको लागी मात्र सुची दर्ता गराउनु पर्नेछ ।
२. माथी उल्लेखित प्रत्येक समुहका लागी छुटाटुटै दरखास्त दर्ता गराउनु पर्नेछ ।
३. म्याद नाघी पेश भएको वा आवश्यक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संग्लन्न नभएको वा रित नपुगेका निवेदन माथी कुनै कारबाही गरिने छैन ।
४. यस सुचना अनुसार दर्ता भएको सुची २०१८ को लागी मात्र मान्य रहनेछ ।

**थप जानकारीका लागी**

दिगो तथा न्यायोचित विकास प्रतिष्ठान (सेडा नेपाल)
शाखा कार्यालय, खाँडाचक्र न.पा. कालीकोट
फोन : ०८७–४४०१९२
इमेल :sedanepalkalikot2003@gmail.com


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई,घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**